परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष १२ ❑ अंक २५ २०८० माघ २१ गते आईतवार Sunday 4, FEB 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## मगही भाषामा श्रीमद्भगवद्गीता विमोचन




श्रीमद्भगवद्गीता पुस्तक मगही भाषामा विमोचन पछि प्रमुख अतिथी, विशिष्ट अतिथी र अतिथीहरु सामुहिक तस्वीरमा

**श्याम सुन्दर सुतिहार**

विराटनगर । विश्व प्रसिद्ध किताबहरुको सिरिजमा पवित्र ग्रन्थ मानिएको श्रीमद्भगवद्गीतालाई मगही भाषामा अनुवाद गरीएको पुस्तक शुक्रवार विमोचन गरिएको थियो ।

विराटनगर महानगरपालिका वडा नं. १४ को सभाहलमा शुक्रवार भएको विमोचन कार्यक्रमका प्रमुख अतिथी कोशी प्रदेश सभा सदस्य माननीय गिता रानी महतो, विशिष्ठ अतिथी विराटनगर महानगरपालिका का प्रमुख प्रशाशकीय अधिकृत राजेन्द्र पराजुली, साहित्यकार मधु पोखरेल, रामबाबु दाहाल र वडा अध्यक्ष सुर्यनारायण महतो लगायतले संयुक्त रुपमा विमोचन गरिएको थियो ।

सो विमोचन कार्यक्रमका प्रमुख अतिथी माननीय महतोले तराई मधेशमा बसोवास गर्ने मधेशी आदीवासी जनजाति, दलित, उच्चवर्ग र पिछडावर्गमा पर्ने जातीजातीहरु समेत मातृभाषाको रुपमा प्रयोग गरि रहेको मगही भाषामा श्रीमद्भगवद्गीता अनुवाद हुनु मगही भाषा-भाषीको लागि ठुलो उपलब्धी भएको बताउँदै आ-आफ्नो भाषा संस्कृति संरक्षणमा लाग्नु पर्ने बताए ।

विशिष्ट अतिथी विराटनगर महानगरपालिकाका प्रमुख प्रशाशकीय अधिकृत राजेन्द्र पराजुलीले भने नेपालको संविधानमा नै सबै जातजातिका भाषालाई राष्ट्रिय भाषा भएको

वांकी अन्तिम पेजमा...

## शहिदहरुको सम्झनामा श्रद्धाञ्जी सभा र दिप प्रज्वलन

विराटनगर । बृहत मधेशी नागरिक समाज विराटनगरले मधेशी जनताको अधिकार प्राप्तिको लागि विभिन्न आन्दोलनमा जीवन आहुती दिएको वीर मधेशी शहिदहरुको सम्झनामा विराटनगरको रोड शेषचोकमा श्रद्धाञ्जी सभा गरी दिप प्रज्वलन गरेका छन् ।

श्रद्धाञ्जली सभा एवम् दिप प्रज्वलन कार्यक्रममा प्रोफेसर राजेन्द्र प्रसाद गुप्ताले मधेशी जनताको अधिकार प्राप्तिको लागि जीवन आहुती दिने वीर शहिदहरुको सपना पुरा हुन नसकेको भन्दै वीर शहिदहरुको सपना पुरा गर्नुको सट्टामधेशवादी राजनीति दलका नेताहरु व्यक्तिगत स्वार्थमा डुवेका छन् । राज्य पनि

वांकी अन्तिम पेजमा...

## हत्याको आरोपमा एक पक्रउ

विराटनगर । एक महिला हत्याको आरोपमा एकजना पुरुषलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जिल्ला झापा बिर्तामोड नगरपालिका वडा नं. ८ गरामनी स्थायी वतन भई हाल ऐ. ५ स्थितमा डेरा गरी बस्ने बर्ष ४६ को चन्द्र प्रसाद प्रसाईलाई इलाका प्रहरी कार्यालय अनारमनीले पक्राउ गरको हो ।

घटनाको विवरण अनुसार माघ ८ गते जिल्ला झापा अर्जुनधारा नगरपालिका वडा नं. ६ बिहानी टोल स्थितमा जिल्ला ईलाम माई नगरपालिका वडा नं. १ महमाई कलकत्ते माईती घर भई हाल जिल्ला झापा बिर्तामोड नगरपालिका वडा नं. ५ मा अस्थाई बसोबास गर्ने बर्ष ५० की माया पुलामी मगर मृत अबस्थामा फेला परेको थियो ।

प्रसाईले विवाह गर्ने प्रस्ताव गर्दा मायाले दाहिने आँखामा हातले हानेको विषयलाई लिएर प्रसाईले ढुंगा प्रहार गरी हत्या गरेको

वांकी अन्तिम पेजमा...

## सहकारीले करोडौं ठगी गरेको आरोप

**पदम कुमार सरदार**

विराटनगर । माछापुछ्रे बचत तथा बचत तथा ऋण सहकारी संस्था प्रा.लि. विराटनगरले बचत कर्ताहरुको करोडौ रकम ठगी गरेको आरोप सहकारीका बचत कर्ताहरुले आरोप लगाएका छन् ।

सहकारीका बचत कर्ता सदस्यहरुले आफूहरुलाई ठगी गरेको आरोप लगाउँदै धर्ना बसेर आन्दोलन सुरु गरेका छन् । माछापुछ्रे बचत तथा बचत तथा ऋण सहकारी संस्था प्रा.लि. विराटनगरल संचालकहरुले ८ करोड ३५ लाख रकम ठगी गरेको बचतकर्ताहरुले आरोप लगाएका छन् ।

विराटनगरमा मुख्य कार्यालय रहेको माछापुच्छ्रे बचत तथा ऋण सहकारीले अस्वभाविक 'कमिसन' र ब्याज दिने प्रलोभनमा बचत कर्ताहरुवाट रकम संकलन गरेको थियो । सहकारीले बचतकर्तालाई फिक्स डिपोजिटमा १५ प्रतिशतदेखि १८ प्रतिशतसम्म ब्याज दिने प्रलोभन दिएको बचत कर्ताहरुले बताएका छन ।

सो सहकारीमा विराट नगर-४ की सुनेना राजवंशीले १५ प्रतिशत ब्याज पाउने लोभमा परी ४ लाख रुपैयाँ जम्मा गरेकी थिइन् । घरखर्चको रकम जोगाएर बचत गरेको रकम फिर्ता नपाएको भन्दै अहिले म विच्चलीमा परेको भन्दै आक्रोस पोखेकी छिन् ।

बचत गरेको रकम डुब्न लागेको भन्दै बचतकर्ताहरुले जिल्ला प्रहरी कार्यालय मोरङमा केहि दिन अघि हारगुहार गरेका थिए । सहकारीले आकर्षक ५ वर्षमा डबल रकम दिने समेत प्रलोभन दिएका थिए । त्यही प्रलोभमा परेर थुप्रैले एकमुष्ठ रकम जम्मा गरेका थिए ।

त्यसैगरी बचत संकलक कर्ताहरुलाई पनि १५ प्रतिशतसम्म कमिसन दिने गरेको थियो । यसरी नै बचत गरेको ८ करोड ३५ लाख रुपैयाँ बचत कर्ताहरुको

वांकी अन्तिम पेजमा...

## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**अर्जुन गिरी (वडा अध्यक्ष)**
**विराटनगर महानगरपालिका वडा नं. १० को कार्यालय**



क्राईम अपरेशन — Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## शहिदहरुको...

मधेश आन्दोलनको माग सम्बोधन गर्न विभिन्न जालझेल गर्दै आएको छ ।

त्यसैगरी बृहत मधेशी नागरिक समाजका अध्यक्ष सुर्यनाथ प्रसाद सिंहले मधेश आन्दोलनको उपलब्धीहरुलाई राजनीतिकदलका नेताहरुले व्यक्तिगत स्वार्थमा सौदावाजी गरेको भन्दै कम्तीमा शहिदहरुको सम्मानका लागि कोशी प्रदेशमा मधेशी शहिद प्रतिष्ठान बनाएर अगाडी बढ्न आम मधेशी समुदायलाई आग्रह गरेका छन् ।

श्रद्धाञ्जी सभा एवम् दिप प्रज्वलन कार्यक्रममा मधेशी नागरिक समाजका अगुवाहरु, प्रध्यापक, शिक्षक, विद्यार्थी राजनीतिक दलका नेताहरु र जनप्रतिनीधिहरुको उपस्थित रहेको थियो ।

## हत्याको...

अनुसन्धानको क्रममा खुलेको झापा प्रहरीले जनाएको छ ।

घटना सम्बन्धमा अनुसन्धानको शिलशिलामा माघ १३ प्रसाईलाई पक्राउ गरी ईलाका प्रहरी कार्यालय अनारमनीबाट सम्मानित झापा जिल्ला अदालतमा उपस्थित गराई दिन ७ म्याद थप गरी थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जानकारी गराएको छ ।

## मगही...

उल्लेख गर्दै श्रीमद्भगवद्गीता मगही भाषामा अनुवाद हुन् भनेको स्थानीय भाषाको उत्थान भएको बताए । विराटनगर महानगरपालिका भित्र कक्षा ८ सम्म विभिन्न स्थानीय भाषामा पठनपाठन हुने गरी पाठ्यक्रम तयारी भई रहको बताए ।

साहित्यकार मधु पोखरेलले नेपालमा बोलीने भाषाहरु मध्ये मगही पनि एक भाषा भएको र मगही भाषामा श्रीमद्भगवद्गीता पुस्तक अनुवाद हुनु मगही भाषा-भाषीको लागि उपलब्धी भएको बताए । त्यसैगरी साहित्यकार रामबाबु दाहालले श्रीमद्भगवद्गीता जीवन संचालनको मार्ग दर्शन रहेको भन्दै मगही भाषाभाषीलाई पुस्तक अध्ययन गर्न सजिलो हुने र अध्ययन गरेपछि जीवनमा परिवर्तन हुने बताए ।

विराटनगर महानगरपालिका वडा नं. १४ का वडा अध्यक्षे एवंम पुस्तक विमोचन कार्यक्रमका अध्यक्ष समेत रहेका सुर्यनारायण महतोले स्थानीय मगही भाषाको उत्थान, प्रवर्धन र विकासको लागि मगही भाषामा अनुवाद गरीएको श्रीमद्भगवत गीता पुस्तक मगही भाषा-भाषीको लागि कोषेढुंगा सावित हुने बताए ।

श्रीमद्भगवद्गीतालाई मगही भाषामा अनुवादन एवंम सम्पादन सूर्यनाथ प्रसाद सिंह 'खुसर' ले गरेका हुन भने विराटनगर महानगरपालिका वडा नं. १४ को सहयोगमा भाषा संस्कृति प्रतिष्ठान केन्द्रिय कार्यालय विराटनगरले प्रकाशन गरेका छन । विमोचन कार्यक्रमको उद्घोषण भाषा संस्कृति प्रतिष्ठानको अध्यक्ष जय प्रकाश महतोले गरेका थिए ।

## सहकारीले...

निक्षेप जोखिममा परेको भन्दै बचत कर्ताहरुले सहकारी संचालकहरुको विरोधमा आन्दोलन थालेका छन् ।

अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन अध्ययन गर्दा ४ करोड बराबरका रकम मध्ये ३ करोड रकम उठ्न बाँकी रहेको र त्यसमा जिन्सी मौज्दात भनेर झण्डै १ करोड देखाएको छ । यस्तै अन्य शीर्षकमा ३५ लाख भनेर देखाएकोले ८ करोड ३५ लाख रकम फसेको अनुमान गरिएको छ । यता सहकारी सञ्चालक समितिका अध्यक्ष अमलेश कर्णले अहिले जिल्ला प्रशासन कार्यालय मोरङले छानवीन गरीरहेकोले छानविन सकिनि वित्तीकै रकम फिर्ता गर्ने प्रतिक्रिया अगाडी बढाउने वताए ।

बचकर्ताहरुले दिएको निवेदनको आधारमा माछापुच्छ्रे बचत तथा ऋृण सहकारी संस्था प्रा.लि.का सञ्चालकहरु माथि मुद्दा दर्ता भईसकेको छ । यस आधारमा छानविन गरी बचतकर्ताको रकम फिर्ता गर्नु जरुरी छ ।

## वैवाहिक...

र पुरुष ।बिच मात्र नभै दुई व्यक्ति बिच हुन्छ भनी उल्लेख गर्नुपर्नेमा जोड दिइन् ।

त्यस्तै ब्लु डाइमण्ड सोसाइटीकी कार्यकारी निर्देशक मनिषा ढकालले लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई जबर्जस्ती विपरीत लिंगी यौन अभिमुखी करण भएका व्यक्ति सँग विवाह गरिदिनाले त्यो विवाहले दुवै जनाको जीवन खतरामा रहने र परिणाम स्वरुप आत्म हत्या जस्तो आपराधिक गतिविधिमा सरिक हुनुपर्ने बाध्यता सृजना हुने गरेको र त्यसका शृङ्खलाहरु सदियौ देखि जारी रहेको पुष्टि पत्रपत्रिका तथा सञ्चार माध्यममा आएका घटनाले गरि रहेको कुरा व्यक्ति गरिन् ।

कार्यक्रममा प्रहरी प्रधान कार्यालय अन्तर्गतको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयकी प्रमुख प्रहरी नायब उपरीक्षक कोपिला चुडालले नेपालको वैवाहिक कानुन प्रथाविधिबाट विकसित भएको, विवाह सम्बन्ध मात्र नभै जिम्मेवारी पनि भएको, लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरुको वैवाहिक मान्यता पाउनका लागि सबै कटिबद्ध हुनुपर्ने, त्यसका लागि धैरै प्रचलित कानुनहरु आकर्षित हुने भएकोले कुनै एक ठाउँमा मात्र संशोधन गरेर नपुग्ने, बरु छुट्टै कानुन बनाउनु पर्ने र त्यसका लागि कानुन निर्माताहरु सँग पनि यस्तो किसिमको संवादको आयोजना गर्नुपर्नेमा जोड दिइन् ।

यसका साथै वैवाहिक समानताका सम्बन्धमा अन्तर्राष्ट्रिय असल अभ्यासहरु, समुदायका व्यक्तिहरु र उनीहरुका सम्बन्धका बारे सहीतथ्याङ वा उनीहरु मथि भएका हिंसा र दुर्व्यवहारका घट्नाको समेत लगत सही राख्नु पर्ने र त्यसले राज्य वा सम्बन्धित निकायलाई सप्रमाण पेश गरी घच घच्याउन मद्दत मिल्ने कुरा सहभागीहरुले उठाए ।

मितिनी नेपालकी कार्यक्रम अधिकृत बिमला गुरुङको सहजीकरण रहेको कार्यक्रममा आयोजक संस्थाकी कार्यक्रम अधिकृत निलम ढुंगानाले कार्यक्रमको उद्धेश्य माथि प्रकाश पार्दै वैवाहिक समानताको विषयमा अभिमुखि करण बृहत छलफल गर्नु आवश्यक रहेको भन्दै विभिन्न सरोकार वालाहरुसंग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको बताइन् । यसै गरी समावेशी मञ्च नेपालका अध्यक्ष बद्रीपुनले समुदायलाई अझै पनि पारिवारिक तथा सामाजिक स्वीकृति प्राप्त नभएको र विवाह सम्बन्ध मायसको उचित व्यवस्थापन गर्नु जरुरी रहेको बताए ।

कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय समावेशी आयोग,नागरिक समाज, नेपाल प्रहरी, शिक्षक, स्वास्थ्यकर्मी, मानव अधिकार कर्मी, संचारकर्मी लगायत लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका गरी १०४ जनाको सहभागिता रहेको थियो ।


## क्यान्सर रोग लाग्नबाट बच्ने उपाय

- मदिरा, धुम्रपान तथा सुर्तिजन्य बस्तु सेवन नगरौं,
- खानपानमा ध्यान पुर्‍याऔं,
- पर्याप्त व्यायाम गर्ने गरौं,
- सक्रिय जीवनशैली अपनाऔं,
- बोसो युक्त मासु नखाऔं,
- तारेको, झनेको, पोलेको खाना नखाऔं,
- गालेका तथा पुराना अचार कम खाऔं,
- नियमित स्वास्थ्य परिक्षण गराऔं,
- सरसफाईमा विशेष ध्यान दिऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड



## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

हरिशचन्द्र सहनी (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ६ को कार्यालय



## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।



## तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक

कोशी अस्पताल को अगाडी, विराटनगर

### बिरामीहरूको लागि खुशीको खबर !!

ल्याब जाचमा ५0% सम्मको छुट

सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५

1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...

नि:शुल्क सुगर जाँच

यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:00 बजेदेखि दिउँसो १२:00 बजेसम्म ।


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### संघिय सरकार मोटाउने कर प्रणाली

मूलुकमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था कायम भएपछि स्थानीय सरकार, प्रदेश सरकार र संघिय सरकार गरी तीन प्रणलीमा शासन व्यवस्था विभाजन भएका छन् । तर संघिय सरकारले कतिपय अधिकारहरु प्रदेश सरकारलाई हस्तान्तरण गरेका छैन । त्यसमा पनि अहिले देखिएको कर प्रणाली संघीय सरकार मोटाउने कर प्रणाली भएकोले यही विधीवाट प्रदेश सरकार आत्मनिर्भर बन्न सक्दैनन । कोशी प्रदेश सरकारले गठन गरेको उच्चस्तरीय राजश्व अध्ययन कार्यदलको बैठकमा संवैधानिक र कानूनी व्यवस्था जेसुकै भएपनि संघ नै मोटाउने कर प्रणाली भएको अवाज उठेको थियो ।

संविधानमा प्रदेश सरकारलाई एउटा मात्रै कृषि कर उठाउने अधिकार दिएको छ । कृषिको व्यवसायिक लाभ कर प्रदेशको अधिकार क्षेत्रमा रहेको सडक सुरक्षा, भूमि अधिकार, क्यासिनोको कर संघले उठाइरहेको छ । त्यसैगरी भूमि अधिकार प्रदेशलाई तर जग्गाको लाभ कर संघले लिने गरेकोले करोडमा कारोबार भए पनि लाखको मात्रै कर उठिरहेको छ । सडक सुरक्षाको जिम्मा प्रदेशको रहेका छ तर कर संघले लगेपछि प्रदेशको समृद्धि करी हुन्छ ? त्यसैले करण प्रणालीलाई तीन तहले समुचित बाडफाड गुर्नपर्छ ।

संविधान, ऐन, नीति जेसुकै भए पनि व्यक्तिगत स्वार्थमा देशको प्रणाली चल्ने अवस्था रहेको छ । प्रदेशमा एकीकृत कर संकलनका लागि छुट्टै इकाई बनाई प्रदेशले दिएको सुबिधाबाट आएको कर प्रदेशमा आउनुपर्ने, जिल्ला अदालत र उच्च अदालतवाट हुने दण्ड जरीवाना प्रदेश सरकारमा ल्याउनु पर्ने लगायतको प्रदेश भित्र उठ्ने कर केही प्रतिशत संघ सरकारलाई दिने र वाँकी प्रदेशमा रहेमात्र प्रदेशको समृद्धि र विकास हुन्छ । अन्यथा संघ सरकार जहिले पनि मोटाई रहने र प्रदेश सरकार दुब्लाउदै जाने पक्का छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# विद्युतीय गाडी होइन, विद्युतीय चुलो प्रोत्साहन गरौं

**डा. विश्वास गौचन**

चालु आर्थिक वर्ष (आव) २०८०/८१ को पहिलो चार महिनामा २ हजार ४ सय युनिट विद्युतीय सवारीसाधन (ईभी) आयात भएको तथ्यांक सार्वजनिक भएको छ । यसबारे अध्ययन गरिराखेको हिसाबले यो तथ्यांक हेर्दा हामी अलि छिटो ईभी प्रोत्साहन गर्ने नीतिमा गयौं कि भन्ने मेरो मान्यता छ । अन्तत: जाने त ईभीमै हो । तर, यो सही समय थिएन । किनकि, ब्याट्रीमा अहिले पनि विकास जारी छ । जति प्रविधि परिपक्व हुँदै जान्छ, त्यति मूल्य कम हुँदै जान्छ । हाम्रोजस्तो मुलुक उपयुक्त समयभन्दा अगाडि अलि हतारै गरेर यो नीतिमा गएको छ ।

विश्वमा अहिले भइरहेको कार्बन उत्सर्जनमा नेपालको ज्यादै न्यून हात छ । त्यही कारणका लागि राज्यले यत्रो ठूलो सुविधा दिएर हतारो गरिहाल्नु पर्ने थिएन । यो आव पहिलो चार महिनामा करिब ७ अर्ब रुपैयाँ खर्च गरेर २ हजार ४ सयभन्दा बढी ईभी आयात भएको छ ।

जति परिमाणमा हामीले ईभी आयात गर्‍यौं, त्यति नै परिमाणको विदेशी मुद्रामा पेट्रोल-डिजेल गाडी आयात गरेको भए के हुने रहेछ भनेर मैले हिसाब गरेको थिएँ । चार महिनामा जति ईभी आयात गरेका छौं । बाँकी आठ महिनामा यही परिमाणमा ईभी आयात गर्ने हो भने राज्यले करिब ४४ अर्ब रुपैयाबराबर राजस्वमात्र गुमाउने देखिन्छ ।

गत वर्ष र यस वर्ष सरकारको मुख्य चुनौती नै राजस्व उठ्ती हो । यो सन्दर्भमा ४४ अर्ब रुपैयाँ ठूलो रकम हुन आउँछ । एकै आवमा गाडीबाट मात्र ४४ अर्ब गुमाउँदै छौं भने यो साँच्चै नै सही नीति हो त ?

ईभीमा मात्र हामीले यति ठूलो मात्रामा छुट दिएपछि यसको फाइदा के भयो त ? नीति निर्माताले यसमा विदेशी मुद्रा बच्ने तर्क गरिराखेका छन् । यो गलत हिसाब हो । अर्को, नेपाल विद्युत् उत्पादनक मुलुक हो । त्यसको खपत बढाउँछ भन्ने तर्क सुनिन्छ । यो पनि ज्यादै न्यून हुन्छ । यी तीन-चार आधार कारण मानिएको भए पनि यो हरेक पाटोबाट हेर्ने हो भने ठ्याक्कै उल्टो असर देखिन्छ ।

पहिलो कारण मानिएको थियो-विदेशी मुद्रा सञ्चिति बढाउने । हामीले यहाँ ‘टाटा नेक्सन’ लाई उदाहरणका रूपमा लिऔं । यसको पेट्रोल गाडी पनि छ ईभी पनि छ । राम्रो तुलनामा यसको हुन्छ । किनकि, अहिले आयात गर्दा मूल्यमा १८ लाख रुपैयाँको फरक छ ।

अर्थात्, पेट्रोल नेक्सनभन्दा ईभी नेक्सन आयात गर्दा १८ लाख बढी तिर्नुपर्छ । एउटा गाडी आयात गर्दा १८ लाख बढी बाहिरिन्छ । ईभीमा पेट्रोल नलाग्ने भएकाले पेट्रोल आयात कम हुन्छ, त्यसले यो अन्तरको क्षतिपूर्ति हुन्छ भन्ने जनमानसमा परेको छ ।

सामान्यतया एउटा गाडी को आयु २० वर्ष मानौं । २० वर्षमा नेपालमा एउटा गाडी औसत १ लाख २० हजार किलोमिटरदेखि १ लाख ५० हजार किलोमिटर चल्छ । धेरैजसो गाडी १ लाखहाराहारी किलोमिटरमात्र चलेको देखिन्छ । निजी गाडी १ लाख ५० हजार किलोमिटरभन्दा बढी चल्दैन । गाडीको वास्तविक क्षमता ३ लाख किलोमिटर हाराहारी भए पनि हामीले त्यसको आधामात्र क्षमता उपयोग गर्न सक्छौं ।

नेपालको सन्दर्भमा बढी राजस्व आउने गाडी आयात बाट हो । त्यसमै राज्यले छुट दिँदा वित्तीय व्यवस्थापनमा धेरै अप्ठ्यारो पर्ने देखिन्छ ।

डेढ लाख किलोमिटर गाडी चलाइयो र टाटा नेक्सनले दिने प्रतिलिटर १७ किलोमिटर माइलेजलाई १५ किलोमिटरमात्र मानेर हिसाब गर्दा जम्मा १० हजार लिटरमात्र पेट्रोल २० वर्षमा खपत हुन्छ । पेट्रोलको आजको आयात मूल्य प्रतिलिटर ८० रुपैयाँ छ । हामीले विदेशिने मूल्यको हिसाब गरिरहेका कारण आयात मूल्यको मात्र हिसाब गरिएको हो । यसमा विभिन्न कर थपेर बजार मूल्य निर्धारण गरिएको हुन्छ । यस आधारमा २० वर्ष अवधिमा एउटा टाटा नेक्सन गाडीले जम्मा ८ लाख रुपैयाँको मात्र पेट्रोल खपत गर्ने रहेछ । जहाँ कि हामीले ईभी किन्दा सुरुमै १८ लाख रुपैयाँ बढी खर्च गरेका छौं । यसमै १० लाख रुपैयाँको फरक देखियो ।

यसमा ईभीमा मर्मतसम्भार (मेन्टिनेन्स) खर्च बच्छ भन्ने तर्क आधार लिने हो भने यसको खर्च वर्षमा ३० हजार मानौं । अर्थात्, २० वर्षको मेन्टिनेन्स खर्च ६ लाख पर्न आउँछ । यो ६ लाखमा पनि डिस्काउन्टेन्ट भ्यालु पनि हेर्नुपर्छ ।

तर, सबै हिसाब गर्दा पनि ८ लाख र ६ लाख गरी पेट्रोल र मेन्टिनेन्समा १४ लाख रुपैयाँ २० वर्ष अवधिमा एउटा गाडीमा विदेशी मुद्रा खर्च हुने रहेछ । भनेपछि, आफैंमा यो गलत अवधारणा भएको पुष्टि हुन्छ । ईभी ल्याएर विदेशी मुद्रा सञ्चितिमा योगदान पुग्छ भन्नु गलत भयो ।

हरेक वर्ष नेपालमा बजेट घाटाको स्थिति छ । पछिल्लो सात वर्ष लगातार औसत पाँच प्रतिशतको बजेट घाटा देखिन्छ । कोभिडपछि बजेट घाटा बढ्ने र सार्वजनिक ऋण पनि सोही अनुपातमा बढिरहेको अवस्था छ । राजस्व उठ्ने क्रम कम भएसँगै ऋण बढ्न जान्छ ।

पछिल्लो चरणमा जुन हिसाबले सार्वजनिक ऋण लिएका छौं, यो दीर्घकालीन फाइदाको विषय होइन । केही वर्षपछि तिर्नुपर्ने सार्वजनिक ऋणको हिस्सा असाध्यै ठूलो हुन्छ । त्यसकारण हाम्रो नियन्त्रणमा जे-जे कुरा छन् र त्यसले सरकारको राजस्व बढाउन भूमिका खेल्छ, त्यो उपाय अपनाउनुपर्छ । नेपालको सन्दर्भमा बढी राजस्व आउने गाडी आयातबाट हो । त्यसमै राज्यले छुट दिँदा वित्तीय व्यवस्थापनमा धेरै अप्ठ्यारो पर्ने देखिन्छ । यही आवमा पनि ४४ देखि ४५ अर्ब निजी गाडी आयातमा राजस्व गुमाउने देखिन्छ । यो ४५ अर्बले के के गर्न सकिन्थ्यो भन्ने प्रश्न आउँछ । यो ठूलो स्रोत हो ।

अहिले ईभीभन्दा पनि विद्युतीय चुलो हाम्रो प्राथमिकतामा हुनुपर्ने थियो । किनकि, विद्युतीय चुलोको प्रभाव निकै प्रभावकारी छ । पहिलो चार महिनामा २ हजार ४ सय युनिट ईभी आयात भए । यी उच्च वर्ग र उच्च मध्यम वर्गले चलाउने गाडी हो । के यो वर्गलाई राज्यले यस्तै प्रकारले सुविधा दिनुपर्ने अवस्था हो त ? त्योभन्दा बरु विद्युतीय चुलोलाई देशव्यापी बनाउन सक्ने हो भने यसले अर्थतन्त्र, सामाजिकदेखि स्वास्थ्यसम्म राम्रो प्रभाव छाड्छ ।

एमसीसी परियोजनाको ५० अर्बमध्ये ३० अर्ब रुपैयाँ ट्रान्समिसन लाइनमा छुट्ट्याइएको छ । यसै वर्ष सरकारले छुट दिने ४४/४५ अर्ब रुपैयाँ ट्रान्समिसन लाइनमा छुट्ट्याउन सकेको भए । पूर्वाधार बनाउन सकेको भए, काठमाडौ लगायत सहरी क्षेत्रमा भएको ट्रान्सफर्मरको समस्या समाधानमा लगानी गरेको भए ठूलो समस्या समाधान हुने थियो । काठमाडौंमा विद्युतीय चूलो चलाउन खोज्दा पनि ट्रान्सफर्मरको समस्याले प्रभावकारी हुन सकेको छैन ।

अहिले डिजिटल पूर्वाधार, ट्रान्समिसन लाइन र शिक्षामा

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# छालाका विभिन्न समस्याहरु र उपचारका लागि अल्ट्राभाइलेट लाइट थेरापी

विराटनगर । मानिसको स्वास्थ्य संगै सौन्दर्य पनि त्यत्तिकै महत्व राख्ने विषय हो । समाजमा हामी छालाका विभिन्न समस्या बाट ग्रसित व्यक्तिहरु देख्ने गर्दछौं । उपचारको लागि भौंतारिनेहरु पनि हुन्छन् । सही परामर्श र उपचार नपाएर छालाको समस्यालाई कम गर्नुको सट्टामा थप समस्या थपिने जोखिम रहेको हुन्छ । छालाका विभिन्न समस्याहरु र त्यसको उपचारको लागि अल्ट्राभाइलेट थेरापीको विषयमा नोवेल मेडिकल कलेज टिचिङ्ग हस्पिटलका छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ डा. मनिष प्रधान संग गरिएको कुराकानीको सार संक्षेप ।



छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ डा. मनिष प्रधान

**- सेतो दुवी**

डा. मनिष प्रधानका अनुसार छालामा हुने मेलानिनको कमीले गर्दा छालाको रङ्ग, रौंको रङ्गमा फिक्का पन आउने गर्दछ जसलाई सेतो दुवी भनिन्छ । छालामा मेलानिन उत्पादन गर्ने कोषिकाहरु मरेको खण्डमा वा उत्पादनमा कमी भएको अवस्थामा मेलानिन कम हुन जान्छ र सेतो दुवी देखा पर्दछ । यसको आकार विस्तारै बढ्दै जान सक्छ । छालाको रङ्गमा हुने परिवर्तनले गर्दा मानसिक तनाव हुने गर्दछ । उनका अनुसार यो समस्या मानिसको जीवनलाई नै जोखिममा पार्ने प्रकारको समस्या भने होइन तर यसले मानिसलाई मानसिक तनावमा पार्ने गर्दछ ।

**- एक्जिमा**

छालाका अन्य समस्याको बारेमा कुरा गर्दै डा. प्रधानले भने मानिसलाई दुःख दिने अर्को समस्या भनेको एक्जिमा पनि हो । छाला सुख्खा भई फुस्रो हुने, चिलाउने र सुख्खा पन बढेमा चिलचिलाउने क्रममा पनि बृद्धी भई कनाउदा कनाउदा रगत आउने सम्मको समस्या हुन सक्दछ । एक्जिमा धेरै प्रकारको हुने र विभिन्न कारणहरुले हुन सक्दछ । यो बंशानुगत पनि हुन सक्दछ । कसैमा रोग प्रतिरोधात्मक क्षमता अत्यधिक हुँदा पनि यो समस्या देखा पर्न सक्छ भने वातावरणको कारणले गर्दा पनि हुन सक्छ ।

**- सिरोयासिस**

डा. प्रधानका अनुसार सिरोयासिस छालाको एउटा त्यस्तो समस्या हो जुन मानिसको रोग प्रतिरोधात्मक क्षमता संग सम्बन्धित छ । रोग प्रतिरोधात्मक क्षमता बढी सकृय भएको कारण कोषिकाको बृद्धी सामान्य भन्दा छिटो हुन्छ र यो समस्या भएको मानिसको छालाको रङ्ग रातो वा सेतो हुन्छ, सुन्निएको हुन्छ । यो हात, कुहिना, खुट्टा, ढाड, खोपडीमा देखा पर्दछ र अन्य भागमा समेत हुन सक्छ । सिरोयासिस दीर्घकालिन समस्या हो र केही समय देखा परेर हराउने गर्दछ र केही समय पछि फेरी आउने गर्दछ ।

**- लाइकन प्लानेस**

छालामा दाग आउने, चिलाउने र यो समस्या देखिएको छालाको भाग रातो वा बैगुनी रङ्गको हुने समस्यालाई लाइकन प्लानेस भनिने र यो समस्या लामो समय सम्म हुने डा. प्रधान बताछन् । यो कुनै औषधीको प्रतिकृयाले वा संक्रमणले हुन सक्दछ । मानिसको रोग प्रतिरोधात्मक क्षमताको अस्वाभाविकपनाले पनि यो हुन सक्दछ । यो एक वर्ष भन्दा बढी समय सम्म रहन सक्ने र आफै हराए पनि फेरी बल्झिने हुन्छ ।

**छालाको समस्याको अल्ट्राभा इलेट प्रकाशबाट उपचार**

डा. प्रधानका अनुसार सेतो दुवी, एक्जिमा, सिरियोसिस, लाइकन प्लानेस जस्ता छालाको समस्याको लागि अल्ट्राभाइलेट प्रकाशबाट उपचार गर्नु धेरै प्रभावकारी हुन्छ । हुन त अल्ट्राभाइलेट रे भन्दा मानिसहरुमा यो हानीकारक हुन्छ भन्ने लाग्दछ तर यो पद्धतीमा प्रकाशमा भएको हानीकारक रे लाई हटाई फाइदाजनक र सुरक्षित रे को प्रयोग गरी छालाको समस्या भएका मानिसलाई सेक्ने गरिन्छ । अल्ट्राभाइलेट प्रकाश युक्त सानो कोठा जस्तो क्याबिनेटमा मानिसलाई फोटोथेरापी दिने गरिन्छ । यो प्रविधिबाट उपचार गराउने बिरामीलाई हप्ताको दुई दिन थेरापी दिने गरिन्छ । सुरुमा दुई मिनट थेरापी दिइने र त्यसको प्रभाव बढ्दै गई छालाको समस्यामा कमी आउन थाले पछि क्रमश थेरापीको समय कम गर्दै जाने उनको भनाई छ । नोवेलमा उपलब्ध यो प्रविधीले गर्दा छालाका समस्या भएका बिरामीहरुको उपचारमा सहज भएको छ ।

बिरामी दर्तामा शुल्क नलाग्ने, छाला रोग विशेषज्ञबाटै निःशुल्क जाँच र परामर्श हुने, त्यस्तै अल्ट्राभाइलेट प्रविधिको शुल्क पनि सस्तो भएकोले बिरामीहरुलाई उपचारमा धेरै सहुलियत पुग्ने गरेको नोबेल शिक्षण अस्पतालका महाप्रवन्धक दिपेश राईले बताए ।

# दश वर्षमुनिका बालबालिकाको निःशुल्क उपचार शुरु

विराटनगर । कोशी प्रदेशका १० वर्षमुनिका बालबालिकाहरुको निःशुल्क उपचार शुरु भएको छ ।

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीको उपस्थितिमा स्वास्थ्य मन्त्रालयले यसअघि नै नोबेल शिक्षण अस्पताल, विराट शिक्षण अस्पताल, हाम्रो अस्पताल र प्रादेशिक अस्पतालसँग सम्भौता गरेर उक्त उमेर समूहका बालबालिकाको निःशुल्क उपचार गर्ने सम्भौता गरी सकेको थियो ।

स्वास्थ्य मन्त्रालयकी सचिव डा. सुधा देवकोटाले नोबेल शिक्षण अस्पतालबाट सोमबार औपचारिक रूपमा बालबालिकाहरूको निःशुल्क उपचार सेवा शुरु गरेकी हुन् । प्रदेश सरकारको निःशुल्क उपचार सेवा कोशी प्रदेशमा स्थायी बसोबास गर्नेले मात्रै पाउने छन् । निःशुल्क उपचार सेवा लिन बालबालिका बिरामी हुने बित्तिकै नजिकको स्वास्थ्य चौकीमा उपचार गराउन लग्ने तर त्यहाँ नभएपछि नजिकको अस्पतालमा रेफर गर्ने र अस्पतालमा पनि उपचार सम्भव नभएको अवस्थामा मात्रै निःशुल्क विशेषज्ञ सेवा लिन रेफर सहित सम्भौता गरेको अस्पतालमा उपचारका लागि ल्याउनुपर्नेछ ।

निःशुल्क आकस्मिक सेवा (इमेर्जेन्सी सेवा) लिनुपर्ने बिरामी बालबालिकाको स्थायी बसोबास भएको खुल्ने सरकारी कागजात हुनुपर्ने सचिव देवकोटाले बताइन् । निःशुल्क उपचार प्राप्त गर्ने बिरामी बालबालिकालाई जीवन बीमाले तोकेबमोजिमको औषधीसमेत प्रदेश सरकारले निःशुल्क उपलब्ध गराउने व्यवस्था भएको देवकोटाले बताइन ।

झापाको भद्रपुरस्थित मेची प्रादेशिक अस्पतालमा रिक्त रहेको बालरोग विशेषज्ञ चिकित्सक नियुक्त गरेर बालबालिकालाई निःशुल्क उपचार सेवा सुरू गरेका छन् ।

मुख्यमन्त्री कार्कीले प्रदेशमा मानवीय विकासका लागि चालू आर्थिक वर्षका लागि प्रतिस्थापन विधेयक मार्फत ल्याएको बजेटमा १० वर्षमुनिका बालबालिकाको निःशुल्क उपचारको योजना ल्याएर कार्यान्वयन गरेका छन् ।


## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

विश्वनाथ भगत (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ९ को कार्यालय


# लागुओषध ब्राउन सुगर सहित दुई महिला एक पुरुष पक्राउ

विराटनगर । लागु औषध ब्राउन सुगर जस्तो देखिने पदार्थ सहित दुई महिला र एक जना पुरुषलाई प्रहरीले पक्राउ गरेका छन् ।

पक्राउ पर्नेमा विराटनगर महानगरपालिका वडा नं१७ बस्ने बर्ष १९ कि अनिता बैठा, वडा नं१६ बर्मा टोल बस्ने वर्ष ३० की सरस्वती गुरुङ र पथरीशनिश्चरे न.पा. ४ बकाईनोडाडा बस्ने वर्ष ३३ को चित्र कुमार रपाल (बि.क.) रहेका छन् ।

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं १५ बैंक रोड चौक स्थितमा भारत बाट नेपाल तर्फ पैदल आउदै गरेकी बैठालाई ईलाका प्रहरी कार्यालय रानी र लागू औषध ब्यूरो बिराटनगर बाट खटिएको संयुक्त टोलिले शंका लागी चेक जाँच गर्दा साथबाट खैरो हिरोईन जस्तो देखिने पदार्थ (ब्राउन सुगर) १९ ग्राम,३३३ मिलि ग्रामफेला पारी बुधवार पक्राउ गरिएको थियो । सोही लागू औषध कारोवारमा संलग्न गुरुङ समेतलाई नियन्त्रणमा लिएको थियो । गुरुङको कोठाबाट डिजिटल तराजु थान-१ बरामद गरिएको थियो ।

त्यसैगरी सोही दिन रपाल (बि.क.) को घरमा रहेको किराना पसलमा लागु औषध बिक्रि बितरण गरि रहेको भन्ने गोप्य सुचना को आधारमा ईलाका प्रहरी कार्यालय पथरी बाट खटिएको प्रहरी टोलीले चेकजाच गर्दा लागु औषध खैरो हिरोईन (ब्राउन सुगर) जस्तो देखिने धुलो पदार्थ २५ ग्राम बरामद गरिएको थियो ।

रपाल (बि.क.) को साथ बाट बिभिन्न कम्पनीका सानो ठुलो गरी मोबाईल फोन थान-५, डिजिटल तराजु थान-१ सहित नियन्त्रणमा लिएको थियो । तीनै जनालाई सम्मानित मोरङ जिल्ला अदालतबाट दिन ५(पाँच) म्याद थप गराई अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी मोरंगले जनाएको छ ।

# मोटरसाईकल चारीको आरोपमा भारतीय नागरिक पक्राउ

विराटनगर । विगत केही समय देखि विराटनगरमा मोटरसाईकल चोरीको घटना बढेसँगै प्रहरीको विशेष अनुसन्धान र सीसीटीभी फुटेजको आधारमा एक जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारत, बिहार जिल्ला अररिया, फारवेशगंज थाना, रंघा मझुवा ग्राम पंचायत, वडा नं. ११ बस्ने वर्ष ३५ को सिकन्दर मण्डललाई बुधवार पक्राउ गरेको हो ।

प्रारम्भिक अनुसन्धानका क्रममा मण्डलले मोटरसाईकल चोरी गरी नम्बर प्लेट फाली भारत तर्फ लैजाने उद्देश्यले जिल्ला मोरङ विराटनगर-१४ स्थितमा लुकाई छिपाई राखेको अवस्थामा पल्सर एनएस मोटरसाईकल थान-१ र अमाह एफजेड मोटरसाईकल थान-१ बरामद गरेको थियो ।

बरामद भएको सम्बन्धित मोटर साईकल धनी सँग सम्पर्क गरी कानुनी प्रकृया अगाडी बढाईएको र चोरी गर्दै गरेको सीसीटीभी फुटेजमा कैद भएका तर बरामद नभएका थप ३ वटा मोटर साईकलका धनीहरु सम्पर्कमा आई अनुसन्धान प्रकृया अगाडी बढाईएको छ ।

पक्राउ परेका मण्डललाई सम्मानित मोरङ जिल्ला अदालतबाट दिन ५ म्याद थप भई चोरी मुद्धामा अनुसन्धान भई रहेको छ । पक्राउ प्रतिवादी सिकन्दर मण्डलले लामो समय देखी नेपालको सिमा क्षेत्रवाट संगठित रुपमा गिरोह परिचालन गरी मोटरसाईकल चोरी गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।


## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १

## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस् ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

# विद्याकी देवी माता सरस्वतीको मुर्ति बनाउन मुर्तिकारलाई भ्याइ-नभ्याइ

उषा सरदार

विराटनगर। विद्याकी देवी माता सरस्वतीको मुर्ति बनाउन मुर्तिकारहरुलाई चटारो परेको छ। विद्याकी देवी मानिएकी माता सरस्वती पुजाको दिन नजिकिदै जाँदा माटोको मुर्ति बनाउने मुर्तिकारहरुलाई एतिवेला भ्याई नभयाई भएको छ।

खास गरी विद्धवत वर्ग, शिक्षक, विद्यालयका विद्यार्थी लगायतले आउँदो फागुन २ गते श्रीपञ्चमीका दिन विद्याकी देवी माता सरस्वतीको मुर्ति स्थापना गरी मनाईने भएकाले माघ पञ्चमीको अगाडी नै मुर्ती निर्माण सक्नु पर्ने भएकोले दिनरात नभनी उनिहरुले धमाधम मुर्ती बनाई रहेका छन्।



श्रीपञ्चमीका दिन विद्याकी देवी सरस्वती माताको मुर्ती विद्यालय, घर र मन्दीरमा स्थापना गरी विद्धतवर्ग र खासगरी विद्यार्थीवर्गले अत्यन्त उत्साहका साथ पुजापाठ गरी मनाउने गर्दछन्। माघ २ गते श्रीपञ्चमी को दिन सरकारी तथा निजी शैक्षिक संस्था र विद्यार्थीहरुको समूह मिलेर शहरबजार, गाउँवस्तीहरुमा हँसमा सवार, विणा र पुस्तक वोकेकी माता सरस्वतीका मुर्तिको स्थापना गरि पूजापाठ गर्ने प्रचनल रहेको छ। मुर्तिकारहरुले श्रीपञ्चमीको एक दिन अगावै माग अनुसारको कलात्मक माटोको मुर्ती उपलब्ध गराउनुपर्ने भएकाले यतिखेर उनीहरु दिनरात नभनी खटिरहेका छन्।

मूर्तिकारहरुले हिन्दु धर्मावलम्बीहरुको विभिन्न चाडपर्वको वेला माटोको कलात्मक मुर्ती निर्माण गरि राम्रो आम्दानी गरी घरपरिवारको जीविकोपार्जन गरेको मुर्तिकार बिजय प्रसाद महतोको भनाई छ। माटोको मुर्ति वनाउन चाहिने वाँस, काठ, पराल, डोरी लगायतका सामग्री स्वदेशमै उपलब्ध भएपछि मुर्तिलाई सिंगार गर्न चाहिने, कपडा, मुकुट, गरगहना लगायतका सामग्री भारतबाट खरिद गरि ल्याएर कलात्मक मुर्ती नेपालको मोरङ सुनसरी र सप्तरी लगायत भारतमा समेत बिक्री गर्ने गरेको महतोको भनाई छ।

शैक्षिक क्षेत्रसँग सम्बन्धित शैक्षिक संघ संस्था संगै सरस्वती पुजा विद्यार्थी वर्गले घरघरमा कम्तीमा सरस्वतीको फोटो राखेर, आफुले अध्ययन र अध्यापन गर्ने पुस्तक मुर्ति अगाडी राखेर फल, फूल, मिठाई, खीर, धुप, अगरवत्ती, लगायतको सामग्री लिएर आफै वा पण्डितबाट पूजापाठ गराई भव्य उत्साह र श्रद्धाका साथ मनाउने गरिन्छ।

विराटनगर-१३ का मुर्ली कुमार महतोले मुर्ति बनाउने कामलाई पुर्खयौली पेशाकोरुपमा अंगाल्दै आएका छन। खासगरी हिन्दु धर्म मान्नेहरुले हरेक भगवानका पुजापाठमा माटोको मुर्ति स्थापना गरी मनाउने भएकोले हामी मुर्तिकारहरु कुनै वेरोजगार सरह नै हुन्छौ तर पर्व तिहारको वेला हामीलाई मुर्ति वनाउन भ्याइ नभ्याई हुन्छ। अहिले सरस्वती माताको पुजाको वेला मुर्तिको माग धेरै हुन्छ तर हामीसंग मुर्तिकार हुँदैन। जसले गर्दा दिनरात खट्नुपर्छ। वेलावखत मात्र हाम्रो मुर्ति बनाउने व्यवसाय चलेपनि घरपरिवारको जीवीकोपार्जन गर्न कुनै कठिनाई नहुने वहाँको भनाई छ।

हिन्दु धर्मावलम्बीहरुले मनाउने कृष्ण जन्माष्ट्मी, बिश्वकर्मा पुजा, अनन्तपूजा, जितिया, दशैं, दिपावली, छैठपुजा, जस्ता पर्वहरुमा माटोको मुर्ती बनाएर श्रद्धाकासाथ पुजा गर्ने प्रचलन रहदै आएको छ। यी पर्वहरुमा विभिन्न देवी देउताका मुर्तिहरुको अत्यधिक माग हुने गरेको विराटनगर-१३ का मुर्तीकार बाबुराम महतोको भनाई छ। मुर्तिकारहरुले तयार पारेको मुर्तिहरु सरस्वती माताको मुर्ति प्रतिगोटा १ हजार ५ सय देखि २० हजार रुपैया सम्म बिक्री हुने गरेको छ भने दशै, तिहार, छठको मुति बनाउन लाखौ पर्ने गरेको मुर्तिकारहरुको भनाई छ।

सरस्वती पूजामा सयौंको संख्यामा मुर्तिको विक्रि हुने गरेका छन्। २ हजार बराबरको एउटा मुर्ती तयार गर्न ८ सय जतिको लागत लागने गरेको उनीहरुले जनाएका छन्। सरस्वती पुजाले विद्यार्थीवर्गलाई अध्ययनप्रति थप प्रेरणा दिनुका साथै मुर्तीकारहरुको व्यवसायमा उत्साह थपिएको छ।

# निःशुल्क स्वास्थ्य परिक्षण र पोषण खाद्य वितरण

विराटनगर। पाँचवषर्व बर्ष मुनीका बालबालिकाहरुलाई विराटनगर महानगरपालिका वडा नं. ९ मा निःशुल्क स्वास्थ्य परिक्षण गरी पोषण खाद्य वितरण गरेको छ।

पाँचवर्ष मुनीको बालबालिकाहरुलाई बाल विशेषज्ञ डाक्टर अञ्जु पौडेलको टीमले स्वास्थ्य परिक्षण गरेका थिए। परिक्षण पछि कुपोषित बालबालिकाहरुका परिवारलाई विराटनगर-९ का वडा अध्यक्ष विश्वनाथ भगतले पोषण खाद्य वितरण गरेका थिए।

बाल स्वास्थ्य विशेष कार्यक्रम अन्तर्ग बीडीइसी, डीबी मल्टी, आरइसीआईडी-ऐन ( जुवाइन्ट भेन्चर) र विराटनगर महानगरपालिकाको सहकार्यमा १९ बटै वडामा संचालन गर्ने भएको छ।

सोही कार्यक्रम अन्तर्गत विराटनगर-९ बालबालिकाहरुको निःशुल्क स्वास्थ्य परिक्षण गरी लेखाजोखा राख्ने, आवश्यक पोषण खाद्य वितरण गर्नुका साथै व्यक्तिगत सरसफाईका लागि साबुन समेत वितरण गरेका थिए।

विराटनगर महानगर पालिका को १९ वटै वडाहरु मध्ये वडा नं. २, ३, ४, ५, ९, १२, १४, १७, १८ र १९ मा बालस्वास्थ्य कार्यक्रम सम्पन्न भई सकेको कार्यत्रम व्यवस्थापक निर्देशक कविता अधिकारीले जानकारी दिए।

पोषण खाद्यमा चामल, दाल, भटमास, अन्डा, केरा, दुध र व्यक्तिगत सरसफाई अन्तर्ग साबुन कुपोषित बालकालिकाहरुलाई तत्काल तीन महिना सम्म वितरण गर्ने र महिला स्वास्थ्य स्वयम सेविका मार्फत अनुगमन गरी आवश्यकता अनुसारको पोषण लगायत अन्य सुविधा उपलब्ध गराउने कार्यक्रममा आवद्ध डा. सुरन्द्र वस्नेतले जानकारी गराए।


## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं।

**मधुबाबु तिवारी (वडा अध्यक्ष)**

**विराटनगर महानगरपालिका वडा नं. ७ को कार्यालय**


# वैवाहिक समानताका लागि एक्यबद्धता जुटाउँदै

अशोक शिवाकोटी

काठमाडौं। नेपालको संविधान २०७२ को धारा १८ ले हरेक नागरिकलाई समानता को हकप्रदान गरेको छ। यद्यपि विवाह योग्य हुँदाहुँदै पनि विवाह सम्बन्धि राज्यका विद्यमान नीति तथा कानुनमा बाधा अड्चन भएका कारण वैवाहिक अधिकारबाट अझै धेरै नागरिक हरु वञ्चित रहनु परेकोले नागरिक मैत्री संविधान हुनुपर्ने कुरा जोडदार रुपमा हालै एक समारोहका सहभागीहरुले उठाएका छन्।

लैगिंक तथा यौनिक अल्प संख्यक समुदाय विशेष गरी समलिङ्गी महिला, द्वयलिङ्गी महिला र ट्रान्सजेण्डर व्यक्तिहरू को समानहक अधिकारका लागि पैरवी गर्दै आएको संस्था मितिनी नेपालले वैवाहिक समानता माथि आयोजना गरेको एकदिवशीय अन्तरक्रिया कार्यत्रममा उपस्थित सहभागीहरुले यस्तो धारणा सार्वजनिक गरेका हुन्।

लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका धेरै व्यक्तिहरु एक अर्कोसँग सम्बन्ध गाँसेर लामो समय देखि संगै बस्दै आए पनि राज्यले उनीहरुको विवाहलाई कानुनी रुपमा पूर्ण मान्यता दिएको छैन। समाजले पनि यस्तो किसिमको विवाहलाई 'कमजोर सम्बन्ध' का रुपमा हेर्ने, यस्तो सम्बन्धलाई यो समाज सधैं तोड्न मात्र लागिरहने, 'तिमीहरुको सम्बन्ध लामो समयसम्म टिक्दैन' भनेर हतोत्साही बनाउने, एक अर्कोलाई पतिपत्नी स्विकारेर बसे पनि कहिले काँही लैगिंक तथा घरेलु हिंसा हुँदा त्यसको कानुनी उपचार माग्न जाँदा प्रहरीले यो समुदायको मुद्दा लिन नमान्ने लगायत थुप्रै झमेला झेल्न बाध्य हुनु परेको गुनासो आयोजक संस्थाका अध्यक्ष लक्ष्मी घलानले उपस्थित सरोकार निकाय, नेपाल प्रहरीका प्रतिनिधि, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रतिनिधि, सामाजिक संस्थाका प्रतिनिधि, अनुसन्धान कर्ता, सामाजिक अभियन्ता आदिका माझ राखे।

उनले अगाडि भने 'हाम्रो समुदायको मुद्दाहरु सधैं ओझेलमा नै पर्दै आएको छ। हामी माथि कसैले शोषण र दुर्व्यवहार गर्दा, यहाँसम्मकी हत्या गर्दा समेत त्यसको उजुरी राम्रोसँग नलिने र त्यसको कार्बाहीमा हेलचेक्र्याही गर्ने गरेको र सबै पक्षबाट हामी माथि प्रहार नै भैरहने गरेको छ। झन् हाम्रो समुदाय भित्रका दलित साथीहरु, जनजाती साथीहरु वा अन्य सीमान्तकृत समुदायका अन्तर सम्बद्ध व्यक्तिहरुको काहानी झन् डरलाग्दो छ जुन प्रकाशमा पनि आउन पाउँदैन।'समुदायले अंश र वंशको आधारमा धेरै दुःखपाएको बताउँदै समाजलाई सिकाई होस् भन्ने सन्देशका लागि वैवाहिक समानताको अधिकार प्राप्तगर्ने अभियानमा निरन्तरबढेको समेत जानकारी गराए।

११६ वर्षका व्यक्तिसँग ५६ वर्षकी महिलाको विवाह भएको उदाहरण दिँदै विवाह आत्मीय सम्बन्ध गाँस्न र सन्तान प्राप्तीका लागि मात्रनभै एक अर्कालाई चाहिने सहारा, साथ र सहयोगका लागि पनि गरिने भएकोले यसको पनि पुनः परिभाषा र व्याख्या हुन जरुरी छ। प्रकाशमा आएका तथ्याङ्क हेर्दा मानिसले जुनसुकै उमेरमा पनि विवाह गरी नै रहेको हुन्छ। त्यस कारण, विवाहको परिभाषा साँघुरो बनाइनु हुँदैन भन्दै संस्थाकी कार्यकारी निर्देशक सरिता के.सी.ले लैगिंक तथा यौनिक अल्पसंख्यक समुदायको पहिचान जुनसुकै उमेरमा पनि देखिन सक्ने तर पनि किशोरा वस्थामा धेरै महसुस हुने भएकोले यो उमेरमा समुदायका व्यक्तिहरु मा आफूमा आएको परिवर्तनलाई स्विकार्न गाऱ्हो पर्ने र मनोसामाजिक परामर्शको पनि जरुरत पर्ने त्यस माथि पनि परिवार र समाजको प्रताडन झेल्नु पर्ने भएकोले मानसिक बोझ अव्यक्त नै हुने कुरा बताइन्। उनले वैवाहिक समानताका लागि मितिनी नेपालर महिला, कानुन तथा विकास मञ्चले संयुक्त रुपमा संवैधानिक इजलाशमा सन् २०२२, डिसेम्बर ५ मा रिट पनि हालेको र सो मुद्दाको किनारा अझै नलागेको, आगामी सुनुवाई फेब्रुअरी १४, २०२४ का लागि सरेको लगायत सन् २०२३ को जुन २७ मा सर्वोच्च अदालतले समलिंगी विवाहको अस्थायी दर्ता गरिदिनु भनी गरेको अन्तरिम आदेश भए पनि यो समुदायको व्यक्तिले अन्य नागरिक सरह विवाह सम्बन्धि पूर्ण अधिकार उपभोग गर्न नपाएको समेत बताइन्। साथै, नेपाल सरकार र विभिन्न संघ संस्थाहरुले अंगिकार गरेको यौन तथा प्रजनन स्वास्थ्य अधिकारमा आफ्ना समुदायका व्यक्तिहरुको किशोरावस्थामा आउने समस्या र मुद्दालाई राम्रोसँग समेट्न नसकेको पनि गुनासो गरिन्।

कार्यत्रममा वैवाहिक समानतामा भएका कानुनी अड्चन बारे आफ्नो प्रस्तुती दिँदै अधिवक्ता बिनु लामाले संविधान तथा कानुनमा विवाहका लागि पुरुष र महिला नै हुनु पर्ने, विवाह दर्ता फारममा पनि पति र पत्नीमात्र उल्लेख भएकोमा त्यसलाई संसोधन गरी समावेशी शब्दहरु जस्तै 'व्यक्ति', 'दम्पत्ति', 'धर्मसन्तान' राखी विवाह महिला

वांकी अन्तिम पेजमा...

# कानुनको परिधिभित्र रहेर काम गर्ने प्रतिवद्धता

विराटनगर। कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरमा आउनु भएका प्रहरी प्रमुख नायब महानिरीक्षक चन्द्र कुबेरले प्रहरीले ऐन, कानुनको परिधि भित्र रहेर काम गर्ने प्रतिवद्धता जनाएका छन् ।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको सभाहलमा पत्रकार भेटघाट तथा परिचयात्मक कार्यक्रमको आयोजना गरी सो कुरा वताएका हुन ।

भेटघाट कार्यक्रममा खापुङले कोशी प्रदेशमा शान्ति सुरक्षाको अवस्था सुदृढ बनाउनुका साथै अपराध नियन्त्रण, घटित अपराधको सफल अनुसन्धान गरी कानुनी दायरामा ल्याउन र लागुऔध नियन्त्रणको लागि समन्वय र सहकार्य गर्दै अगाडी बढ्ने वताए ।

भारतीय सिमा नाकामा हुने तस्करी, लागु औषध ओसारपसार लागयतको समस्याहरुलाई न्यूनिकरण गर्न सबैसंग सहकार्य गरी अगाडी बढ्ने वताउदै भारतीय पर्यटकले नेपाल प्रवेश गरी सकेपछि पनि समस्याहरु रहेको छ । ती समस्याहरुलाई समेत न्यनिकरण गर्दै लागिने भन्दै समस्या परेपछि प्रहरीमा आउने गरेकोले समस्यालाई समाधान गर्ने नेपाल प्रहरीको कर्तव्य भएका वताए ।

कोशी प्रदेश प्रहरी कार्यालयले आयोजना गरेको भेटघाट कार्यक्रममा कोशी प्रदेशका बिभिन्न संचार माध्यममा आवद्ध संचारकर्मीहरुले राखेको समस्या र सुझाव दुवैलाई आधार मानेर कोशी प्रदेशको शान्ति सुरक्षा अझ मजबुत बनाएर प्रतिवद्धता जनाउँदै भारतीय पर्यटकलाई अनावश्यक दुःख नदिन ट्राफिक प्रहरीलाई समेत निर्देशन दिएको थियो ।

NO SMOKING

## विद्युतीय...

बढी लगानी गर्नुपर्ने छ । ४५ अर्बलाई यी क्षेत्रमा लगानी गर्न सकेको भए यसको आर्थिक प्रभाव र प्रतिफलसमेत छिटो र उच्च हुने थियो ।

हरेक निर्णय गर्दा त्यसको 'अपर्चुनिटी कस्ट' हेर्नुपर्छ । यसपालि जुन खालको नीति ल्याइयो, यसले दिएको छुट गलत ठाउँमा भयो भन्ने महसुस हुनुपर्छ । यसले सीमित उपल्लो वर्गले मात्र सुविधा पाएको छ । अब आउने बजेटमा यसलाई सुधार गर्नुपर्छ ।

अर्कातर्फ, ईभी आउनासाथ विद्युत् खपत बढिहाल्छ भनिएको छ, यो पनि होइन । नेपालमा निजी गाडी संख्या ३ लाखहाराहारी छ । यो सबै ईभी भइदिएको भए जम्मा सय मेगावाट पनि खपत हुँदैन ।

हामीले सबै ईभी हुनासाथ बिजुली खपत यति धेरै हुन्छ भन्ने सोचेका छौं, तर ईभी धेरै इफिसियन्ट छ । एक युनिटले ६/७ किलोमिटर चल्छ । अर्थात्, १० रुपैयाँले ६/७ किलोमिटर चल्छ । नेपालमा एउटा निजी गाडी औसत दैनिक २० किलोमिटरभन्दा धेरै चल्दैन । त्यो पनि एकदमै धेरै । काठमाडौंमा लामो यात्रा गर्नु नै पर्दैन ।

कार्बन उत्सर्जनले बोर्डर त चिन्दैन । त्यसकारण भारत र चीनले नघटाएसम्म हामीले मात्र घटाएर केही हुन्न ।

नेपालमा ६७ लाख परिवार छन् । सन् २०३० सम्म सबै घरमा विद्युतीय चुलो पुर्‍याउन सकियो भने पनि २ हजार मेगावाट विद्युत् यसले खपत गर्छ । त्यो भनेको प्रतिव्यक्ति विद्युत् खपतमात्र २ सय ५० युनिटले वृद्धि हुनु हो । अहिले ३ सय ८० छ । त्यसमा २ सय ५० युनिट थप हुन्छ ।

त्यसको त्यति ठूलो प्रभाव रहेको छ । प्रविधि परिपक्व हुँदै जाँदा मूल्य पनि घट्दै जान्छ । २०३० भित्र ईभी र पेट्रोल गाडीको मूल्य बराबरीजस्तो हुन आउँछ । त्यसो हो भने २०३० सम्म किन नकुर्ने ? हामीले मात्र ईभी चलाएर कार्बन उत्सर्जन कम हुने अवस्था छैन । विश्वमा हाम्रो हिस्सा ०.०४ प्रतिशतमात्र हो ।

तर, जोखिमका हिसाबले भने हामी पहिलो १० भित्र पर्छौं । हाम्रा कारण कार्बन उत्सर्जन निकै कम छ । हाम्रा दुई छिमेकी भारत र चीनले मात्र ४० प्रतिशत कार्बन उत्सर्जन गर्छन् । यो सन्दर्भमा ०.०४ प्रतिशत हिस्सा हुने मुलुकले ईभी चलाएर के योगदान हुन्छ ? त्यसकारण नीति बनाउँदा अलि फराकिलो तरिकाले हेर्नुपर्छ ।

भारतमा हरेक वर्ष ४० लाख सवारीसाधन बिक्री हुन्छ । गत वर्षको तथ्यांकअनुसार ४० लाखमध्ये ५४ हजार युनिटमात्र ईभी बिक्री भयो । यो २ प्रतिशतभन्दा पनि कम भयो । हाम्रोमा वर्षमा मुस्किलले २४ हजार युनिट गाडी बिक्री हुन्छ । हाम्रोमा सबै २४ हजार युनिट नै ईभी बनाए पनि भारतको यति ठूलो प्रयोगले कार्बन उत्सर्जनमा के फरक पर्‍यो र ?

कार्बन उत्सर्जनले बोर्डर त चिन्दैन । त्यसकारण भारत र चीनले नघटाएसम्म हामीले मात्र घटाएर केही हुन्न । भारतको आफ्नै लक्ष्य छ । २०२५ मा उनीहरूले दुई पाङ्गेमा सबै ईभी गर्ने योजना छ । त्यो गर्नासाथ हामी स्वाभाविकरूपमा ईभीमा जान्छौं । उसले उत्पादन नै बन्द गरिसकेपछि हामीले ईभी त किन्नै पर्छ । त्यो अवस्थाबाहेक हामीले हतार गरेर यस्तो नीतिमा अग्रसर भइहाल्नु पर्दैन । किनकि, यसको ठूलो मूल्य छ । आजकै दिनमा एउटा नेक्सन ईभी आयात गर्दा विदेशी मुद्रा र कर गरी ३१ लाख रुपैयाँ घाटा बेहोरिरहेको छ ।

चालु आर्थिक वर्ष पहिलो चार महिनामा आयात भएका २ हजार ४ सय युनिट ईभीमा गुमेको राजस्वले नेपालमा जति पनि गरिब परिवार छन्, तिनलाई इन्डक्सन चुलो निःशुल्क बाँड्न पुग्थ्यो । नेपालमा १५ प्रतिशत गरिब परिवार भएको अनुमान छ । त्यो भनेको १० लाख हो । उनीहरूलाई निःशुल्क इन्डक्सन बाँड्न पुग्ने पैसा राज्यले कर छुटका नाममा गुमाइसकेको छ ।

हामीले अर्थ मन्त्रालयलाई चिठी नै लेखेर यसबारे नीतिगत छलफलका लागि आह्वान गरिसकेका छौं । हामीले यसमा प्रदूषण पनि हेर्नुपर्छ । सबै सरोकारवालाका प्रश्न समाधान गर्ने गरी हामी छलफल चलाउने तयारीमा छौं । हामी हतार नगरौं, गर्ने हो भने क्रमशः गर्दै जाऔं भन्ने मान्यतासहित बहस गराउने तयारीमा छौं ।

हाम्रो प्रतिव्यक्ति आय १ हजार ४ सय डलरमात्र हो । यति आम्दानी हुने मुलुकले यति महँगा गाडी आयातमा खुकुलो हुनुपर्छ भन्ने छैन ।

अर्कातर्फ, सरकारले गाडीमा यति धेरै कर लगाउँछ, उपभोक्ताका रूपमा हामीले किन सस्तो मूल्यमा गाडी चढ्न नपाउने भन्ने प्रश्न पनि धेरै आउँछ । सबैभन्दा सानो गाडी नै २ सय ७० प्रतिशतसम्मको कर नेपालमा लगाइन्छ । यसलाई समग्र राज्यको क्षमतासँग जोडेर हेर्नुपर्छ ।

भारतकै मूल्यमा नेपालमा गाडी किन्न पाउने हो भने नेपालमा कति गाडी बिक्री होलान्, तपाईं अनुमान गर्न सक्नुहुन्छ । हाम्रो बानी नै यस्तो छ कि छिमेकमा जे भयो, त्यो हाम्रो घरमा पनि चाहिन्छ । हाम्रो गरिब राष्ट्र, तर रहनसहन भने विकसित मुलुकको जस्तो छ । पुरै अर्थतन्त्र नै उपभोगका माध्यमबाट चल्छ भन्ने मान्यता छ । हाम्रो रहनसहन 'अमेरिकन स्टाइल' को छ ।

जापान, कोरिया, भारत बचतमा आधारित अर्थतन्त्रमा छन् । उनीहरू बचतलाई प्राथमिकता दिन्छन् । हामी भने बरु ऋण लिन्छौं, तर उपभोग गर्न डराउँदैनौं । हामी जहाज चढेर यात्रा गर्दा देख्छौं, डाँडाको चुचुरोमा घर हुन्छ । यदि भारतकै मूल्यमा गाडी पाउने हो भने त्यो हरेक घरमा गाडी हुने थियो ।

हाम्रो संस्कृति र रहनसहन नै यस्तो छ कि त्यो हाम्रो अर्थतन्त्रले धान्नै सक्दैन । करलाई शतप्रतिशतमा मात्र झार्दा पनि नियन्त्रण नै गर्न नसकिने गरी आयात हुन्छ । हाम्रो संस्कृति नै यस्तो छ । हामी एउटा लेभलमा नपुग्दासम्म यो मेन्टेन गर्नुपर्छ । हाम्रो प्रतिव्यक्ति आय १ हजार ४ सय डलरमात्र हो । यति आम्दानी हुने मुलुकले यति महँगा गाडी आयातमा खुकुलो हुनुपर्छ भन्ने छैन ।

हाम्रो सन्दर्भमा सार्वजनिक सवारीलाई नै सकेसम्म सहज बनाउने हो । सर्वसुलभ बनाउने हो । 'मास टान्सपोटेसन' मा प्राथमिकता दिई त्यहीअनुसार पूर्वाधार बनाउनुपर्छ । एउटा विन्दुमा पुगेपछि स्वभाविकरूपमा निजी सवारीलाई प्रवर्द्धन गर्ने समय आउँछ र गर्नुपर्छ । अहिलेको सन्दर्भमा त्यो समय आइसकेको छैन ।

(डा. विश्वास गौचन सर्वाङ्गीण विकास अध्ययन केन्द्र (आईआईडीएस) का कार्यकारी निर्देशक हुन् ।) अनलाईन खबरबाट

# क्यान्सर दिवसको अवसरमा आज एकैथलोमा १५ कार्यक्रम



विराटनगर । विश्व क्यान्सर दिवसको अवसरमा आशा कोलज द, केयर ग्याप र मोरङको बुढीगंगा-२ टङ्की सिनुवारीमा रहेको रेवन्त-रुक्मणी मेमोरियल बिराट क्यान्सर इन्स्टिच्युटको आज एकथलोमा १५ बटा क्यान्सर रोग सम्बन्धि जनचेतना मुलक कार्यक्रम हुँदैछ ।

विराटनगर स्थित नेपाल पत्रकार महासंघ मोरंगको सभाहलमा पत्रकार सम्मेलन गरी अस्पतालका निर्दशके डा.निकीता कार्कीले क्यान्सर रोगबाट बचन सकिन्छ, भने विषयमा जानकारी गराउने उदेश्यले विविध खालका चेतनामुलक कार्यक्रमको आयोजना गर्न लागिएको वताएका थिए ।

"आशा क्लोज द केयर ग्याप अर्थात क्यान्सरको उपचारको पहुंचको दुरीलाई बन्द गरौं" भन्ने नाराका साथ रेवन्त रुक्मणी मेमोरियल बिराट क्यान्सर इन्स्टिच्यूटले स्कुल ऱ्याली, साइकल ऱ्याली, स्कुटर ऱ्याली, कार प्याली, म्याराथन, मेडिटेसन, मास कार्डियो, क्यान्सर जित्नेहरुको सफलताको कथा, क्यान्सर रोग विशेषज्ञहरुद्वारा जनचेतना सम्बन्धि प्रस्तुती, स्कुलका विद्यार्थी बालवालिकाहरुद्वारा प्रतिभा प्रस्तुती जस्ता विभिन्न कार्यक्रम आयोजना हुने बताएका थिए ।

कार्यक्रममा क्यान्सरका ५०% रोगहरुलाई रोक्न सक्छौं, यदि हामीले हाम्रो जीवन शैलीलाई परिवर्तन गर्ने र स्क्रिनिङ तथा उपचारलाई प्राथमीकतामा राख्ने हो भने क्यान्सरबाट हुने मृत्यु मध्ये २७ प्रतिशत सुर्तिजन्य पदार्थ र मदिरा सेवनबाट हुने गरेको कार्की वताएका थिए ।

जनचेतनाको बिकास गर्ने हो भने र क्यान्सरका जोखिमहरुलाई बेलैमा पहिचान गरि प्रमाणीत गर्ने र रोकथाम तथा उपचारको पहुँचलाई प्रभावकारी बनाउने हो, भने ३०-५० प्रतिशत क्यान्सरलाई रोकथाम गर्न सकिने बताउँदै ऱ्यालीमा सहभागी हुनेहरुबाट संकलन भएको रकम बिराट क्यान्सर इन्स्टिच्युटमा उपचारार्थ बिरामीहरुको लागि खर्च गर्ने भएको छ ।

सोही अवसरमा संघिय सांसद डा. शेखर कोइराला र कोशी प्रदेशका मुख्यमंत्री केदार कार्कीद्धारा रेवन्त रुक्मणी मेमोरियल बिराट क्यान्सर इन्स्टिच्युटको उद्घाटन् समते आजै हुने छ ।

# असहायको घर निर्माणमा मुख्यमन्त्री कार्कीको श्रमदान

विराटनगर । विराटनगर १६ दरैहयाका सुकुम्वासी तथा असहाय परिवारको घर निर्माणमा शुक्रबार कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले श्रमदान गरेका छन् । उनले जस्ताको छानासहितको घर निर्माणका लागि श्रमदान गरेका हुन् ।

घर निर्माणले विपन्न असहाय स्थानीय शिव राईले आर्थिक अभावमा तीन जना छोराछोरी र लोग्ने स्वासनी गरी पाँच जना परिवारका सदस्य एउटै सानो झुपडीमा बस्नु पर्ने बाध्यताको अन्त्य भएको छ । घर निर्माण सामग्री जीवन विकास समाज कटहरीले र घरमा ओछ्याउन म्याट्रेस, त्रिपाल, कम्बल लगायतका लुगा, भाडावर्तन, खाद्यान्न मुख्यमन्त्री कार्कीले उपलब्ध गराएका हुन् । राईको घर निर्माणमा प्रतिनिधिसभा सदस्य सांसद योगेन्द्र मण्डलले समेत श्रमदान गरेका थिए ।

मुख्यमन्त्री कार्कीले प्रदेश सरकार गरीव, दलित, सुकुम्वासीको समेत भएकोले सरकार साथमा छ भन्नका लागि घर निर्माणमा श्रमदान गरेको बताए । विपन्न गरीवलाई सरकारको अनुभूति गराउनुका साथै निर्वाचनको बेलामा गरेको वाचा पूरा गर्नसमेत श्रमदान गरेको छु, उनले भने, गरीवका दुःख समाजका सबैले बुझेर एकअर्कालाई पारिस्परिक सहयोगको भावना समाजिक सञ्जालमा रमाउने अहिलेका युवाहरूमा विकास गराउनका लागि पनि काम गरेको वताए ।

मुख्यमन्त्री कार्कीले शिव राईको घर निर्माणका लागि श्रमदान गरेपछि चामल, दाल, त्रिपाल, कम्बललगायतका राहत सामग्री हस्तान्तरण हस्तान्तरण गरेका थिए । आर्थिक अभावमा घर निर्माण गर्न नसकेकाले राईले पत्नी, १५ र १२ वर्षीया छोरी र छोरासहित एउटा सानो झुपडीमा जीवन गुजारा गर्दै आएका थिए ।


## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

संतोष न्यौपाने (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ५ को कार्यालय


ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।